# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ती

विश्वका लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (The International Organization of Supreme Audit Institutions-**INTOSAI**) द्वारा २०१६ मा जारी SAI Performance Measurement Framework बमोजिम नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको मूल्याङ्कन गर्न थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था The State Audit Office of the Kingdom of Thailand लाई गरिएको अनुरोध बमोजिम SAI Performance Measurement कार्य भईरहेको छ । यसै सन्दर्भमा SAI Thailand ले तयार गरेको मूल्याङ्कन सम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर मिति २०७७।१२।४ गतेका दिन एक भर्च्युअल कार्यक्रमबिच छलफल भएको छ ।

कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा, दंगालले छोटो समयमा भर्च्युअल माध्यमबाट कागजात प्रमाण संकलन गरी प्रतिवेदन तयार गरेकोमा थाईल्याण्डका समकक्षी महालेखापरीक्षक श्री Prajuck Boonyoung र मूल्याङ्कन टोलीलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त मूल्याङ्कन प्रतिवेदन महालेखापरीक्षकको कार्यालयको सुधारका लागि कोशेढुंगा सावित हुने धारणा राख्दै हाल तयार भईरहेको महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजना (२०२१-२०२५) को मुख्य आधार रहने विश्वास व्यक्त गर्नुभएको थियो ।

छलफल कार्यक्रममा नेपालको महालेखापरीक्षकको कार्यालयका तर्फबाट माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा, दंगालसहित उपमहालेखापरीक्षक, नायव महालेखापरीक्षक, निर्देशक र लेखापरीक्षण अधिकारी सहितको उपस्थिति रहेको थियो भने थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाका तर्फबाट त्यहाँका महालेखापरीक्षकको नेतृत्वमा मूल्याङ्कन टोली सहित ७ जनाको सहभागिता रहेको थियो ।

मूल्याङ्कन प्रतिवेदनको विस्तृत विवरण पेश गर्दै SAO Thailand का तर्फबाट मूल्याङ्कन टोलीले फ्रेमवर्कका ६ पक्ष Independence and Legal Framework, Internal Governance and Ethics, Audit Quality and Reporting, Financial Management, Assets and Support Services, Human Resources and Training र Communication and Stakeholder Management का २५ सूचकांकका आधारमा तयार गरिएको प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनका विविध पक्षबारे जानकारी गराएको थियो । मूल्याङ्कन टोलीका संयोजक Dr. Sutthi Suntharanurak ले मूल्याङ्कन प्रतिवेदनको निश्कर्षबारे बोल्दै नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाले भ्रष्टाचार नियन्त्रण र वित्तिय अनुशासन कायम गर्न गरेको योगदानबारे चर्चा गर्नुभएको थियो ।

प्राप्त मूल्याङ्कन प्रतिवेदनउपर उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल, नायव महालेखापरीक्षकद्वय श्री महेश्वर काफ्ले र श्री चन्द्रकान्त भण्डारी तथा निर्देशक श्री सत्यनारायण थापाले टिप्पणी गर्नुभएको थियो ।कार्यक्रमको संयोजन जनशक्ति विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालयले गरेको थियो ।

महेश्वर काफ्ले
प्रवक्ता/नायव महालेखापरीक्षक

मिति २०७७।१२।४


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"